Chief of the Army Staff

"महाशिवरात्री तथा सेना दिवस-२०७६" को अवसरमा प्रधान सेनापति महारथी श्री पूर्णचन्द्र थापाको शुभकामना सन्देश

१. सर्वप्रथम "महाशिवरात्री तथा सेना दिवस-२०७६" को उपलक्ष्यमा स्वदेश तथा विदेशमा तैनाथ सकलदर्जा, नेपाली सेनामा कार्यरत निजामती कर्मचारीहरु, अवकाशप्राप्त सैनिक लगायत परिवारजनहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवम् उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभ-कामना व्यक्त गर्दछु। यसै अवसरमा देश र देशवासीका लागि उच्चतम बलिदान दिने वीर-वीराङ्गनाहरुको आत्माको चीर शान्तिको कामना गर्दै कर्तव्यपालनाको सिलसिलामा घाइते वा बिरामी भई उपचारका क्रममा रहेका सकलदर्जाको शीघ्र स्वास्थ्य लाभको समेत कामना गर्दछु ।

२. नेपाली सेनालाई समय सापेक्ष पद्धति र प्रणालीमा आधारित संगठनका रुपमा व्यावसायिक र आधुनिक सेना निर्माणको आधार तयार गर्ने लक्ष्य सहित मैले प्रधान सेनापतिको जिम्मेवारी सम्हालेको दिन आज स्मरण गर्न चाहन्छु । त्यस दिन मैले एक सच्चा सिपाही सरह नेपाली सेनाका सकलदर्जा, नेपाली सेना, आम नेपाली नागरिक र नेपाल राष्ट्रप्रति बफादार र निष्ठावान् भई पदीय दायित्व वहन गर्ने प्रण गरेको थिएँ । प्रधान सेनापतिको हैसियतले २१ औं शताव्दीका बहुआयामिक चुनौतीहरु अनुभव गरेर नै मैले तपाईहरुकै सहयोग, सद्भाव र समुचित पृष्ठपोषण अनुरुप संगठनमा परिवर्तनको अभियान थालेको हुँ । तपाईहरुको साथ पाएर थालिएका सुधारका कार्यहरुले परिवर्तनको निश्चित दिशा र गति मात्र हासिल भएको छैन, आन्तरीक शुद्धीकरणको आयामले दृढता र सुनिश्चितता पनि पाएको छ । यस अभियानले प्राप्त गरेको सफलताले संगठनका सकलदर्जा तथा आम नेपाली नागरिकको सैनिक संगठनप्रतिको आस्था अव विश्वासमा रुपान्तरण भएको मैले पाएको छु ।

३. उच्च नैतिक धरातल र विचारको शुद्धताले मात्र नेपाली सेनालाई पारदर्शी, व्यावसायिक, नागरिकप्रति उत्तरदायी भई सेवामा समर्पित भरपर्दो संगठनका रुपमा रुपान्तरण गर्न सकिन्छ । तसर्थ नीति-नियमको पूर्ण कार्यान्वयन मार्फत् आन्तरिक व्यवस्थापन पक्षलाई एउटा निश्चित परिपाटीमा स्थापना गरी प्रणाली र पद्धतिलाई संस्थागत गर्दै विशिष्ट संस्कार र सैनिक संस्कृतिको विकास गर्ने कार्यमा अब विशेष ध्यान केन्द्रित गरिनेछ । मेरो सैनिक सेवाको अन्तिम दिनसम्म पनि फौजप्रति उत्तरदायी तथा नेपाल राष्ट्र र नेपाली सेनाप्रति बफादार रही किञ्चित पनि विचलित नभई प्रणाली र पद्धतिलाई संस्थागत गर्ने तर्फ ध्यान केन्द्रित गर्दै आफ्नो पदिय दायित्व निर्वाह गर्ने मेरो प्रण यसै अवसरमा पुनः दोहोऱ्याउन चाहन्छु ।

४. मूलभूत रुपमा देशभित्र र परदेशका विभिन्न स्थानहरुमा आफ्नो परिवारबाट टाढा र आम नागरिकका निकटमा रही राष्ट्रको विकास, खेलकुद, विपद् व्यवस्थापन, वन, वन्यजन्तु तथा पर्यावरणको सुरक्षा र संरक्षण, मानवीय कार्यहरु तथा राष्ट्रिय महत्वका विभिन्न कार्यक्रमहरुमा नेपाली सेनाका सकलदर्जाले पुऱ्याउँदै आउनु भएको योगदानका लागि सवैलाई म हार्दिक धन्यबाद दिन चाहन्छु । तपाईहरुकै मिहिनेत, परिश्रम, दृढता र साहसबाट संगठनलाई प्राप्त गौरव र गरिमा पनि यसै अवसरमा तपाईहरुसँग आज म साट्न चाहन्छु ।

५. नेपाली सेनामा चालिएका सुधारका कदमहरूले सङ्गठनमा नयाँ ऊर्जाको प्रवाह भएको छ । यसले नेपाली सेनाको छवि आम नागरिक माझ थप उज्ज्वल हुँदै गएको छ । परिवर्तनका आधारहरुलाई संस्थागत गर्दै लैजाने कार्य नेपाली सेनाको संवैधानिक जिम्मेवारीसँग प्रत्यक्ष रुपमा जोडिएको छ । तसर्थ संवैधानिक जिम्मेवारी वहन गर्ने र सांगठनिक हितको रक्षा गर्ने कार्यमा आइपर्न सक्ने सबै खाले बाधा-अवरोधहरुको सामना गर्न हामीले नेपाली सेनाभित्र ऐक्यबद्धता र राष्ट्रिय एकतालाई थप बलियो बनाउनुपर्ने आवश्यकता रहेको छ । राष्ट्रिय सुरक्षा अझ सबल बनाउँदै **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय लक्ष्य हाँसिल गर्ने कार्यमा नेपाल सरकारको महत्वपूर्ण अङ्गका रुपमा **"नेपाली आर्मी भिजन-२०३०"** मार्फत् यथाशक्य योगदान दिन नेपाली सेना सदैव तत्पर रहेको कुरो सबैमा अवगत गराउन चाहन्छु । यसै अवसरमा सकलदर्जालाई सैनिक सेवाको गौरव र गम्भीरता बुझी उच्च हौसलाका साथ पेशागत धर्मलाई सदैव सिरोपर गरी निष्ठावान् र राष्ट्रप्रति बफादार भई सैनिक कर्ममा लाग्न म सकलदर्जालाई निर्देशित गर्दछु ।

६. साथै नेपाली सेनाका अवकाशप्राप्त पूर्व प्रधान सेनापतिज्यूहरु, अवकाशप्राप्त रथीबृन्द एवम् अधिकृत तथा सकलदर्जा परिस्थितिबश रोजगारीका लागि देश बाहिर कार्यरत रहनुभएका पूर्व सैनिकहरु, नागरिक समाज, बौद्धिक वर्ग, वहालवाला रथीबृन्द, अधिकृत तथा सकलदर्जा, आम नेपाली नागरिक, नेपाली सेनामा कार्यरत निजामती कर्मचारी लगायत नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभागमा कार्यरत सहकर्मी सुरक्षाकर्मी, मानव अधिकारकर्मी, सरकारी र गैरसरकारी संघसंस्था, सञ्चार जगत, मित्रराष्ट्रका सेनाहरू, आमाप्रति अगाध माया र ममता राख्दै गोर्खा सैनिकका रूपमा देशबाहिर सेवारत एवम् सेवानिवृत दाजुभाइ लगायत सम्पूर्ण शुभेच्छुक र शुभचिन्तकहरूमा हार्दिक आभार तथा कृतज्ञता ज्ञापन गर्दछु । तपाईहरुबाट प्राप्त रचनात्मक र आलोचनात्मक सहयोग र सल्लाहका लागि म सदा आभारी छु । साथै आगामी दिनहरूमा समेत तपाईहरु सबैबाट निरन्तर सहयोगको अपेक्षा राखेको छु ।

७. अन्त्यमा, पुनः एकपटक **"महाशिवरात्री तथा सेना दिवस-२०७६"** को उपलक्ष्यमा स्वदेश तथा विदेशमा कार्यरत आम नेपाली नागरिक, नेपाली सेनामा कार्यरत सकलदर्जा, रक्षा मन्त्रालय लगायत नेपाल सरकारका निजामती सहकर्मी कर्मचारी, कानुन कार्यान्वयनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आउनुभएका नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल तथा राष्ट्रिय अनुसन्धान विभाग, राष्ट्रप्रति सदा समर्पित सेवानिवृत्त सैनिक व्यक्तिहरू तथा सम्पूर्ण परिवारजनहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

पूर्णचन्द्र थापा
महारथी
प्रधान सेनापति

२०७६ फाल्गुण ९ गते, शुक्रवार ।
जङ्गी अड्डा, काठमाडौं ।